
परिच्छेद-11

# बासस्थान



## 1 जापानको आवास गृह बारेमा

### 1-1 आफ्नै घर

स्वामित्व भएको आवास गृहलाई जापानमा आम तवरमा "आफ्नै घर" भनिन्छ। "आफ्नै घर" अन्तर्गत, एकल आवास गृह या मान्सन भनिने सामूहिक ढाँचाका आवास गृहहरू पर्दछन्। आवास गृह बनाउने, खरिद गर्ने क्रममा, विभिन्न प्रक्रिया या करार गर्नु आवश्यक हुन्छ।

### 1-2 सार्वजनिक आवास गृह

आवास गृहले समस्यामा परेका र न्यून आय भएका व्यक्तिलाई लक्षित गरेर, स्थानीय सार्वजनिक वा सरकारी संस्थाले सस्तो बहालमा प्रदान गर्ने गरेको भाडाको आवास गृह हो, जहाँ बस्नको लागि प्रान्तहरू या गाउँपालिका/नगरपालिका पिच्छे आम्दानीको मापदण्ड जस्ता आवश्यक सर्तहरू किटान गरिएको हुन्छ।

### 1-3 UR भाडाको आवास गृह

अर्बान रेनेसान्स एजेन्सी, UR ले व्यवस्थापन गर्ने आवास गृहमा बस्नको लागि, UR ले किटान गर्ने मासिक आम्दानीको मापदण्ड राशि नाघ्नपर्ने जस्ता आवश्यक सर्त रहेका भएपनि, एक निश्चित भिसा (2-2 हेर्नुहोला) भएमा बस्न सकिनेछ।

### 1-4 निजी भाडाको आवास गृह

भाडामा दिने गरिएको सामान्य आवास गृहहरू हुन्। घरभाडा करार बमोजिम, घरभाडा रकमहरू भुक्तानी गरेमा जसले पनि आवास गृह भाडामा लिएर बस्न पाउँछ। पुनश्च, करारको अन्तर्वस्तु हरेक घर अनुसार फरक-फरक हुने भएकोले पर्याप्त रूपमा बुझ्नपर्ने हुन्छ।

# 2 गृह प्रवेश बारेमा

## 2-1 सार्वजनिक आवास गृह

- आवास गृहले समस्यामा परेका र न्यून आय भएका व्यक्ति प्रति सार्वजनिक आवास गृहहरू लक्षित भएकोले, व्यवस्थापक रहने प्रान्तहरू या गाउँपालिका/नगरपालिकाका निकायले गृह प्रवेशका लागि आ-आफ्ना आवश्यक सर्त स्वरूपका आम्दानी मापदण्डहरू तोक्ने गरेका छन्।
- विदेशी नागरिकको हकमा, प्रचलित गृह प्रवेश सर्तहरूका अलावा, उदाहरणको लागि, 1 वर्ष वा सो भन्दा माथिको भिसा बाँकी भएको वा एक वर्ष वा सो भन्दा पहिला देखि जापानमा रहँदै आएको जस्ता आवश्यक सर्त तोकिएको हुनसक्छ।
- सार्वजनिक आवास गृहमा प्रवेश गर्ने चाहना भएमा, आवास गृहको व्यवस्थापन गरिरहेका प्रान्तहरू या गाउँपालिका/नगरपालिकाका निकायमा आवेदन दिनुपर्नेछ।
- गृह प्रवेश सर्त या आवेदन विधि आदि बारे, विस्तृतमा, बस्न चाहनुभएको आवास गृहको व्यवस्थापन गरिरहेका प्रान्तहरू या गाउँपालिका/नगरपालिकाका निकायमा सोधपुछ गर्नुहोला।


## 2-2 UR भाडाको आवास गृह

- अर्बान् रेनेसान्स एजेन्सी, UR ले तोके अनुसारको मासिक आम्दानीको मापदण्ड राशि नाघ्नपर्ने जस्ता आवश्यक सर्तहरू रहेका हुन्छन्।
- विदेशी नागरिक भएमा, भिसाको प्रकार डिप्लोम्याटिक स्टाटस, अफिसियल स्टाटस, स्पेशल पर्मानेन्ट रेसिडेन्ट, मध्यम वा दीर्घकालीन बसोबासी (पर्मानेन्ट रेसिडेन्ट समेत।) ले बस्नको लागि गृह प्रवेश गर्न पाउनेछन्।
- गृह प्रवेश आवेदन विधि या आवेदन मागको अवस्थाहरू बुझ्नको लागि, विस्तृतमा UR सेल्स सेन्टरहरूमा सोधपुछ गर्नुहोला।

## 2-3 निजी भाडाको आवास गृह

- जापानमा निजी भाडाको आवास गृह खोज्ने विदेशी नागरिकका निमित्त, "अपार्टमेन्ट सर्च गाइडबुक अर्थात् कोठा खोज्ने गाइडबुक", "बिदेशीहरुको लागि भाडाको घरमा प्रवेश गर्ने मार्गदर्शन" तयार गरिएको छ।
- "अपार्टमेन्ट तथा कोठा खोज्ने गाइडबुक" मा निम्न लिखित कोठा खोज्दा उपयोगी हुने जानकारीहरू उल्लेख गरिएको हुनाले, सन्दर्भ सामाग्री स्वरूप प्रयोग गर्नुहोला।

① जापानमा भाडाको आवास गृह खोज्ने तरिका/करार गर्दाको प्रवाह
② आवश्यक कागजात तथा लागत
③ गृह प्रवेशको प्रक्रिया
④ जापानका घरहरूमा बस्दाका नियम
⑤ छोड्ने प्रक्रिया
⑥ कोठा भाडामा लिँदा थाहा पाइराखे राम्रो हुने रियल स्टेट सम्बन्धी शब्दावली
आदि



- "बिदेशीहरुको लागि भाडाको घर प्रवेशको मार्गदर्शन" मा जापानमा कोठा खोज्दा उपयोगी आधारभूत जानकारी तथा बिदेशी भाषामा सेवा दिन सक्ने रियल स्टेट (फुदोसान) पसलको वेबसाइट आदि परिचय गराईएको छ ।

भूमि पूर्वाधार यातायात तथा पर्यटन मन्त्रालयको वेबसाइट
विस्तृतमा तलको वेबसाइटमा हेर्नुहोला।
https://www.mlit.go.jp/jutakukentiku/house/jutakukentiku_house_tk3_000017.html

## "अपार्टमेन्ट तथा कोठा खोज्ने गाइडबुक"

| | |
|---|---|
| जापानी भाषा-JAPANESE- | http://www.mlit.go.jp/common/001317843.pdf |
| अङ्ग्रेजी भाषा-ENGLISH- | http://www.mlit.go.jp/common/001317844.pdf |
| चिनियाँ भाषा-CHINESE- | http://www.mlit.go.jp/common/001317845.pdf |
| दक्षिण कोरियाली भाषा-KOREAN- | http://www.mlit.go.jp/common/001317846.pdf |
| स्पेनी भाषा-SPANISH- | http://www.mlit.go.jp/common/001317847.pdf |
| पुर्तगाली भाषा-PORTUGUESE- | http://www.mlit.go.jp/common/001317848.pdf |
| भियतनामी भाषा-VIETNAMESE- | http://www.mlit.go.jp/common/001316936.pdf |
| नेपाली भाषा-NEPALI- | http://www.mlit.go.jp/common/001316937.pdf |
| थाइ भाषा-THAI- | http://www.mlit.go.jp/common/001312581.pdf |
| इन्डोनेशियाली भाषा-INDONESIAN- | http://www.mlit.go.jp/common/001312584.pdf |
| बर्मेली भाषा-MYANMAR- | http://www.mlit.go.jp/common/001312587.pdf |
| कम्बोडियाली भाषा-KHMER- | http://www.mlit.go.jp/common/001312589.pdf |
| तागालोग(फिलिपिनी) भाषा-TAGALOG- | http://www.mlit.go.jp/common/001312590.pdf |
| मङ्गोलियन भाषा-MONGOLIAN- | http://www.mlit.go.jp/common/001312591.pdf |

जापानी भाषा

अङ्ग्रेजी भाषा

चिनियाँ भाषा

दक्षिण कोरियाली भाषा

स्पेनी भाषा

पुर्तगाली भाषा

भियतनामी भाषा

नेपाली भाषा

थाइ भाषा

इन्डोनेशियाली भाषा

बर्मेली भाषा

कम्बोडियाली भाषा

तागालोग(फिलिपिनी) भाषा

मङ्गोलियन भाषा

“बिदेशीहरुको लागि भाडाको घरमा प्रवेश गर्ने मार्गदर्शन"

https://www.mlit.go.jp/common/001334734.pdf

विदेशी नागरिकले भाडामा लिन मिल्ने घरको जानकारी

https://www.safetynet-jutaku.jp/guest/index.php (JAPANESE)